वैठक हाजिरी - १०

**बैठक संख्या: ०४-०७९/०८०**

आज मिति २०७९ साल असोज ९ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर के.सी |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |
| अन्य उपस्थिती | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

निर्णय नं. १

यस नगरपालिकाको लागि स्वीकृत NUGIP अन्तर्गत डि.पि.आर. तयार गरी कार्यान्वयनका लागि देहायका योजना छनौट गर्ने निर्णय गरियो ।

(क) मूलपानी स्कुल-हर्राचौर-कालिमाटी तितौरे सडक स्तरोन्नती योजना

(ख) माझीबस्ती हुँदै निरहेघाट सडक स्तरोन्नती योजना

(ग) ओडारचौर-ढोडेनी-फोर्से सडक स्तरोन्नती

(घ) जल्केनी -पैयुपाटा- पानी टंकी हुदै कालीगण्डकी कोरिडोर सडक स्तरोन्नती योजना

निर्णय नं. २

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट आवह्वान भएको नवप्रवर्तन आयोजना अर्न्तगत देहायका योजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

(क) स्मार्ट शौचालय निर्माण र व्यवस्थापन

निर्णय नं. ३

राजश्व शाखा प्रमुख हाल निलम्बन भै शाखामा काम गर्ने कर्मचारी अभाव भएको,आश्विन मसान्त सम्म करछुटको व्यवस्था समेत रहदा करदाताहरुको चाप समेत रहेको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि विगतमा राजश्व शाखामा कार्यरत सफ्टवयर संचालनमा समेत अनुभवी देहायका कर्मचारीहरुलाई कानुन वमोजिम परामर्श सेवा खरिद गरी काममा लगाउने निर्णय गरियो ।

(क) सावित्रा शर्मा

(ख) सुमन बास्कोटा

(ग) शारदा शर्मा सापकोटा

(घ) शुसिला कार्की

निर्णय नं. ४

देहायका सवारी चालक तथा कर्मचारीहरुको तलव सुविधा २०७९ कार्तिक १ गते देखी नयाँ सम्झौता गरी देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

(क) कमल कार्की - हलुका सवारी चालक तृतिय तहको शुरु स्केल

(ख) ज्योती नेपाली - हलुका सवारी चालक तृतिय तहको शुरु स्केल

(ग) रुकमान थापा - प्राविधिक सहायक सहायक स्तर चतुर्थ तहको शुरु स्केल

(घ) गणेश बहादुर क्षेत्री - हेभी सवारी चालक प्रथम तह सरहको शुरु स्केल

**निर्णय नं. ५**

नगरपालिकामा जोखिमयुक्त काम गर्ने सवारी चालक र सफाईकर्मीहरुलाई ५ लाख सम्मको जोखिम विमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

बागलुङ नगरपालिकाको आर्थिक सहायता तथा संस्थागत सहयोग कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

बागलुङ नगरपालिका वडा नं. १४ नारायणस्थान स्वास्थ्य चौकी भवन निर्माणको वहुवर्षीय ठेक्का स्वीकृत गरि खरिद कार्य अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

गलुवा भकुण्डे सडक स्तरोन्नती योजना अर्न्तगत समपुरक कोषबाट १ करोड ८० लाख र भलाटाकुरा - काप्रे कालीमाटी सडक स्तरोन्नती अर्न्तगत सोही कोषबाट ५० लाख बिनियोजन गरी खरिद प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

बागलुङ बजार क्षेत्रको सार्वजनिक स्थानमा व्यवसाय गर्दै आएका ठेला तथा अव्यवस्थित व्यवसायलाई ३० दिनको म्याद दिई हटाउन सार्वजनिक सूचना आवह्वान गरी म्याद समाप्त भए पछि सार्वजिनिक स्थलहरुमा यस्ता व्यवसायहरु हटाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

बागलुङ बजार क्षेत्रमा रहेको वडा नं. १,२,३ र ४ का पिच सडक मर्मत संभारका लागि मर्मत संभार शिर्षकबाट लागत अनुमान बमोजिमको मर्मत संभार कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

कार्यालयको तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग संग समन्वय गर्न यस कार्यालयका कर्मचारी भिमसेन पन्तलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

बागलुङ नगरपालिकाका करारका कर्मचारीहरुको कार्यविवरण तयार गरी कार्तिक १ गते देखी म्याद थप सम्वन्धी सिफारिश गर्न एवम् नगरपालिकाको कर्मचारीहरुको समग्र मूल्यांकन गरी पृष्ठपोषणका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदलको शिफारिसको आधारमा कार्तिक १ गते देखी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

(क) ज्ञानेन्द्र गौतम

(ख) कुमार विक्रम क्षेत्री

(ग) नारायण शर्मा पौडेल

(घ) धनमाया शर्मा

(ङ) ढाकाबहादुर परियार

**निर्णय नं. १३**

नेपाली सेनाबाट माग भएको बस्तुगत सहायता सामग्री अन्य आकस्मिक योजना कार्यान्वयन शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

जिल्ला प्रहरी कार्यालयबाट माग भई आएको १००.थान मेट्रेस अन्य आकस्मिक योजना कार्यान्वयन शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

दावगरा बसपार्क संचालनको पूर्वतयारी एवम् शुभारम्भ कार्यक्रमको संयोजन गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो ।

(क) कुमार विक्रम क्षेत्री

(ख) जय बहादुर के.सी.

(ग) सुरज बोसेल

(घ) सनी के.सी. (लक्ष्मण)

(ङ) हरिप्रसाद शर्मा

(च) ढाकाबहादुर परियार

**निणय नं. १६**

बागलुङ नगरपालिका वडा नं. ८ सिगाना स्वास्थ्य चौकीमा स्थापना भएको वर्थिङ सेन्टरलाई अनुमोदन गरी नियमित संचालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

नगर खेलकुद विकास समिति गठन गर्नको लागि नगर प्रमुख र नगर उपप्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १८

आउदो वडादशै र दिपावलीको अवसरमा अति आवश्यक खाध्य सामग्री चिनी नुन र तेल सुपथ मुल्यमा विक्रि वितरण गर्न ईच्छुक सहकारी, संघ संस्था र व्यवसायीलाई नगरपालिकाले सामग्री ढुवानीको व्यवस्था मिलाउने र यसको संयोजन गर्ने जिम्वेवारी नगर उपप्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं १९

वर्षातको समयमा ( अषाढ, श्रावण र भाद्र) मा गएको वाढी पहिरोको कारण क्षतीगस्त सडक खोल्ने ,पहिरो पन्छाउने, सार्वजनिक स्थल तथा निजि संरचना सरक्षणमा प्रयोग गरिएको डोजर भाडा, इन्धन,ग्यावियन जाली लगायतका विषयमा प्राविधिकको कार्यसम्पन्न सिफारिश र सम्वन्धित वडाको अनुगमन प्रतिवेदन सहितको सिफारिश वमोजिमको रकम प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २०

यस नगरपालिको नगर प्रहरी संचालन व्यवस्थापनको रणनैतिक व्यवस्थापन गरि परिचालनको संयोजन गर्ने जिम्वेवारी सहितको अधिकार प्रत्यायोजन नगर उपप्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २१

वर्षातको समयमा सडकका नाली जाम भई वडा कार्यालयवाट नाली सफाई र सडक मर्मत संभारको काममा लगाईएका कामदारहरुलाई दैनिक रु. ५००।- को दरले मासिक रु. १५०००। सम्बन्धित वडा कार्यालयबाट डोरहाजिरी प्रमाणित गरी शिफारिस भै आएपछि सडक नाली सरसफाई शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २२

बागलुङ र पर्वत जोड्ने लामो झोलुङ्गे पुलमा एकातर्फ बत्ति जडान गर्न लाग्ने खर्चको लागत अनुमान वमोजिम मर्मत संभार कोषबाट खर्च गरी जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

मालढुङ्गा एक्लेसाल पाग्जा सडक खण्डको एक्लेसाल पहिरोका कारण अवरुद्ध सडक दशै अगावै संचालन गर्न लागत अनुमान बमोजिमको कार्य प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने गरी मर्मत संभार गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

भलाबोट वौडेचौर स्वास्थ्य चौकी मूनीको पहिरोमा उपभोक्ता समितिबाट निर्माण गरेको ग्यावित जाली निर्माण कै क्रममा पहिरो आई क्षति पुर्याएकोमा प्राविधिक प्रतिवेदन,अनुगमन समितिको प्रतिवेदन,स्थानीय प्रहरी र वडा समितिको पदाधिकारी सहितको उपस्थितीमा क्षतिको सरजमिन मूचुल्का सहित सम्बन्धित

वडाबाट शिफारिसको आधार बन वातावरण तथा विपद् व्यवस्थापन समितिले उचित ठहर्याएको रकम क्षतिपूर्ति बापत प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

यस नगरपालिका वार्ड नं. २ माभ्फकोट स्थित जग्गामा पूर्व श्री बीरबहादुर किसानको नीजि जग्गा पश्चिम महिला सामूदायिक भवन,उत्तर पीच सडक र दक्षिण माभ्फकोट सामुदायिक वन यति चारकिल्ला भित्रको कि.नं. ७२७ र क्षेत्रफल २४-१०-०-३ मध्येबाट पश्चिम उत्तर तर्फको अनुमानित २ रोपनी क्षेत्रफलको जग्गा वरिपरि बसपार्क संचालन ,महिला सामुदायिक भवन,प्रहरी सेवा केन्द्र तथा महिला संरक्षण समूहको भवन निर्माण र बस्ती विकास लगायतका भौतिक संरचना निर्माण भैरहेको क्षेत्र भएको हुँदा सो जग्गामा एकीकृत कृषि तथा पशुसेवा केन्द्र भवन निर्माण गर्न उपयुक्त देखिएकोले भवन निर्माणको प्रक्रिया अगाडी बढाई दिनको लीग ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना,आयोजना निर्देशकको कार्यालय,ललितपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा संचालन हुन गैरहेको नवौ राष्ट्रिय खेलकुद २०७९ अर्न्तगत आई.टि.एफ.तेक्वाण्दो खेल बागलुङ नगरपालिकाको संयोजकत्वमा यहि मिति २०७९।६।२८ देखी २०७९।७।२ गते सम्म संचालन गर्ने गरी पत्र प्राप्त भएको हुँदा उक्त प्रतियोगिता बागलुङ नगरपालिका वडा नं. १ बाङ्गेचौरमा संचालन गर्ने र खेलको समुद्घाटन समारोह भव्यरुपमा सम्पन्न गर्ने निर्णय गरियो । साथै उक्त समुद्घाटन समारोहमा हुने खर्च रकम **विभिन्न खेलकुद प्रतियोगिता शिर्षकबाट** भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

स्थानीय सार्वजनिक यातायत मध्ये तीन पाङ्गे सार्वजनिक यातयातको दस्तुर गण्डकी प्रदेशको आर्थिक ऐन, २०७९ अनुसार हुने गरी तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**तपशिल**

सार्वजनिक तिनपाङ्गे सवारी दर्ता दस्तुर : १५००।-

सार्वजनिक तिनपाङ्गे सवारी अस्थायी दर्ता दस्तुर :१०००।-

सार्वजनिक तिनपाङ्गे सवारी बार्षिक कर :६०००।-

सार्वजनिक तिनपाङ्गे सवारी नामसारी शुल्क : ८००।-

सार्वजनिक तिनपाङ्गे सवारी नामसारी सनाखत दस्तुर : ८००।-

सार्वजनिक तिनपाङ्गे बाटो ईजाजत दस्तुर : (क) १ कि.मी. देखी ५० कि.मी. सम्म १४००।

(ख) ५१ कि.मी. देखी १०० कि.मी. सम्म १७००।- अन्य दस्तुर शुल्कको हकमा गण्डकी प्रदेशको आर्थिक ऐन २०७९ बमोजिम हुने ।